**जनभावना क्याम्पस**
**दशौँ क्याम्पस सभा**
**सञ्चालक समितिको तर्फबाट सदस्य सचिव शिवराज सञ्जेलद्वारा प्रस्तुत**
**प्रगति प्रतिवेदन - २०७५**

आदरणीय क्याम्पस सभासदज्यूहरु, सल्लाहकारज्यूहरु, समितिका अध्यक्ष तथा सदस्यज्यूहरु तथा सहकर्मी साथीहरु,

जनभावना क्याम्पसको दशौँ क्याम्पस सभा-२०७५ को अवसरमा सञ्चालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु । यो गरिमामय सभामा म नवौं क्याम्पस सभापछि क्याम्पसले गरेका शैक्षिक, आर्थिक, सामाजिक, भौतिक एवं अन्य क्रियाकलापहरुको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
क्याम्पसको उन्नयनमा सभासदज्यूहरु, सल्लाहकारज्यूहरु, सञ्चालक समितिका सहकर्मी मित्रहरु, प्राध्यापकवर्ग, कर्मचारी, अभिभावक, विद्यार्थी, विभिन्न सङ्घ संस्थाहरु तथा सुभेच्छुकले गर्नुभएको योगदानप्रति उच्च सम्मानसहित आभार र प्रसंसा गर्दछु ।

## दुरदृष्टि (Vission)

गुणस्तरीय उच्च शिक्षाको माध्यमबाट विश्व बजारमा प्रतिस्पर्धा गर्ने जनशक्ति उत्पादन गरी समाज रुपान्तरण गर्ने उत्कृष्ट नेतृत्वदायी उच्च शैक्षिक संस्थाको रुपमा विकास हुनु यस संस्थाको दुरदृष्टि (Vision) रहेको छ ।

ध्येय (Mission)

नयाँ ज्ञान उजागर गरी समृद्धितर्फ उन्मुख हुन विद्यार्थीलाई सक्षम बनाई जीवनका चुनौतीहरूको सामना गर्ने प्रतिस्पर्धी योग्य र सिर्जनशील जनशक्ति तयार गर्नु यस संस्थाको ध्येय (Mission) रहेको छ ।

सैद्धान्तिक तथा व्यवहारिक रुपमा सक्षम, गुणस्तरीय, दक्ष र तालिमप्राप्त जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ नवीनतम् शैक्षणिक प्रविधिको प्रयोग गरी समुदायको आवश्यकताअनुरुपको जनशक्ति उत्पादन गर्ने लक्ष्य रहेको छ । क्याम्पसले समय सापेक्ष उच्च शिक्षा प्रदान गर्दै उत्कृष्ट शैक्षिक केन्द्रको रुपमा रुपान्तरण गर्ने लक्ष्य राखेको छ ।

**अब म क्याम्पसको शैक्षिक गतिविधि बारे अवगत गराउन चाहन्छु ।**

क्याम्पसमा हाल कक्षा ११ र १२ मा मानविकी र व्यवस्थापन सङ्कायमा अध्यापन भइरहेको छ । जहाँ २ सय ८७ जना विद्यार्थी अध्ययनरत छन् । त्यसैगरी स्नातक तहमा मानविकी, व्यवस्थापन र शिक्षाशास्त्र सङ्कायमा विभिन्न विषयमा अध्यापन भइरहेको छ । स्नातक तहका तीनवटै सङ्कायमा

हाल ४८० जना विद्यार्थी अध्ययनरत छन् । व्यवस्थापन सङ्काय स्नातकोत्तर तहमा ३० विद्यार्थी अध्ययनरत छन् । यस शैक्षिक सत्रमा क्याम्पसमा कुल ७९० विद्यार्थी अध्ययनरत छन् ।

**भविष्यमा सम्पन्न गर्नुपर्ने काम :**

मानविकी सङ्कायअर्न्तगत स्नातकोत्तर तहमा हाल प्रभावकारी मानिएका आम सञ्चार र पत्रकारिता तथा समाजशास्त्रको कक्षा सञ्चालन तयारी थाल्नु पर्नेछ । पत्रकारिता विषयको पूर्वाधारका रुपमा हाल तयार भएको स्टुडियो भवनलाई साधन सम्पन्न बनाउने कार्य अघि बढिसकेको छ । निकट भविष्यमै सो स्टुडियोलाई विकास गरी शैक्षिक रेडियोको फ्रिक्वेन्सी नै प्राप्त गरी नियमित रेडियो प्रसारण गर्न सकिने पर्याप्त सम्भावना रहेका छ । क्याम्पसले प्राविधिक शिक्षातर्फ कृषि शिक्षाको लागि शिक्षा मन्त्रालयमा आशयपत्र बुझाउने तयारी पनि गरिरहेको छ । क्याम्पस सभा सदस्यलगायत सबैको सहयोग भए हामी चाँडै नै यो लक्ष्यमा पुग्न सक्नेछौं ।

**१ शैक्षिक क्षेत्र :**

**क) कार्यक्रम /सङ्काय**

अ) कक्षा ११ र १२ - मानविकी र व्यवस्थापन

आ) स्नातकतह - मानविकी तथा सामाजिक शास्त्र सङ्काय, शिक्षा शास्त्र सङ्काय र व्यवस्थापन सङ्काय

इ) स्नातकोत्तरतह - व्यवस्थापन सङ्काय

**ख) विद्यार्थी सङ्ख्या :**

| कक्षा/तह | २०७५ |
|---|---|
| + 2 | २८७ |
| स्नातक | ४८० |
| स्नातकोत्तर | ३० |
| जम्मा | ७९७ |
| | |

**ग) वार्षिक नतिजा :**

| तह | २०७१ | २०७२ | २०७३ | २०७४ |
|---|---|---|---|---|
| स्नातक व्यवस्थापन | २८.८१% | ३७.२% | ३६.८४% | |
| स्नातक मानविकी | २८.७५% | ६९% | ७०.३७ | |
| स्नातक शिक्षा | ३८.८९% | ५७.१४% | ३८.४०% | |
| स्नातकोत्तर | २४% | २९% | ६३.६४% | |

क्याम्पसले विद्यार्थीहरुको क्षमता अभिवृद्धिको लागि भर्नाको शुरुमा उनीहरुको क्षमता परीक्षण परीक्षा गर्ने तथा वोर्ड परीक्षामा सक्षम बनाउन विभिन्न किसिमका आन्तरिक परीक्षाहरुको व्यवस्था गरेको छ । साथै विद्यार्थीहरुको मनोभावना वृद्धि गर्न परामर्श कक्षाहरुसमेत व्यवस्था गरेको छ ।

**घ) आन्तरिक परीक्षा व्यवस्था :**

वार्षिक परीक्षालाई सहज बनाउने उद्देश्यले यस क्याम्पसले नियमित आन्तरिक परीक्षाको व्यवस्था गरेको छ । आन्तरिक परीक्षा सञ्चालनको लागि एकजना कर्मचारी सहितको छुट्टै प्रणाली विकास गरी लागू गरिएको छ । वार्षिक रुपमा प्रत्येक तहको ३ ओटा आन्तरिक परीक्षा सञ्चालन हुन्छन् । गत वर्षबाट परीक्षा प्रणालीलाई चुस्त बनाउन सफ्टवेयर प्रणाली लागू गरिएको छ । **यस बीचमा मौजुदा परीक्षा समिति पुनर्गठन भई नयाँ परीक्षा समिति बनाइएको छ ।**

**ङ) गुणस्तर सुधारका प्रयास :**

विद्यार्थीहरुको शैक्षिक गुणस्तर सुधारका लागी  यस वर्षबाट थप पहल र कार्यक्रमसमेत शुरु भएका छन् । विगतमा सञ्चालन गरिएका शैक्षिक भ्रमण, अवलोकन भ्रमण, प्रयोगात्मक कक्षा, प्रस्तुतीकरण कक्षा, Visting Lecturer Class, अवलोकन भ्रमणका अतिरिक्त गत वर्षबाट रिकोड र सहरी वातावरण व्यवस्थापन समाज (UEMS) सँगको सहकार्यमा विद्यार्थीलाइ अनुसन्धानमुलक कार्यमा सहभागी गराउने कार्य सुरु भइसकेको छ । यस कार्यलाइ थप विस्तार र निरन्तरता दिइने छ । साथसाथै कक्षा कोठामा प्रोजेक्टर जडान, सिसी टिभीलगायतका परियोजना पनि सँगसँगै अघि बढेका छन् । पत्रकारिताका विद्यार्थीलाई गत वर्षबाट उपत्यका बाहिरसमेत लगेर स्थानीय सञ्चारमाध्यमसँग अन्तरक्रिया गराउने, रिपोर्टिङ गराउने कार्य सुरु भएको छ भने क्याम्पसका तर्फबाट बेग्लै शैक्षिक पत्रिका प्रकाशनको तयारी पनि अघि बढिरहेको छ ।

## २ प्रशासनिक क्षेत्र :

### क) जनशक्ति विवरण

**अ) सञ्चालक समिति :**

वर्तमान संरचनाअनुसार गोदावरी नगरपालिकाका प्रमुख प्रतिनिधि पदेन सदस्य रहने गरी क्याम्पस सञ्चालक समितिमा १५ जना सदस्यहरु रहने व्यवस्था छ । शिक्षाविद्, विद्वत वर्ग, सामाजिक कार्यकर्ता, राजनितीज्ञ, स्थानीय निकायका प्रतिनिधिहरु समेतको क्याम्पस सभाबाट सञ्चालक समितिको गठन हुने व्यवस्था रहेको छ ।

**आ) प्राध्यापक/शिक्षक :**

हाल क्याम्पसमा ७ जना स्थायी, १२ जना अस्थायी, ६ जना आंशिक करार र ५ जना करारमा प्राध्यापनरत प्राध्यापक/शिक्षक हुनुहुन्छ । क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरु प्राज्ञिक क्षेत्रमा लामो अनुभव सँगालेका व्यक्तिहरु हुनुहुन्छ । कक्षा ११ र १२ अध्यापनरत शिक्षकहरुको सङ्ख्या ९ रहेको छ ।

**इ) प्रशासनिक जनशक्ति :**

क्याम्पसको दैनिक प्रशासन सञ्चालनार्थ ४ जना दक्ष जनशक्तिको व्यवस्था गरिएको छ । कर्मचारीतर्फ १ जना अस्थायी, ३ जना करारमा कार्यरत छन् । साथै २ जना सहयोगी कर्मचारीको रुपमा रहेका छन् । कुचिकारको रुपमा १ जना कर्मचारी कार्यरत रहेका छन् भने सत्कार सुरक्षा सेवा मार्फत १ जना सुरक्षा गार्डको व्यवस्था गरिएको छ । दैनिक कार्यसम्पादनमा सहज होस् भन्ने उद्देश्यले छुट्टा छुट्टै ७ वटा प्रशासनिक विभागहरु खडा गरिएको छ जसअन्तर्गत, लेखा, परीक्षा, प्रशासन, पुस्तकालय, शैक्षिक व्यवस्थापन सुचना प्रणाली (EMIS) इकाइ, अनुसन्धान व्यवस्थापन (RMC) इकाइ र उच्च शिक्षा सुधार परियोजना (HERP) रहेका छन् ।

**ख) पुस्तकालय :**

क्याम्पसमा सञ्चालित पुस्तकालयलाई सुविधा सम्पन्न बनाउन निर्वाचन क्षेत्र विकास कार्यक्रम मार्फत प्राप्त रकमबाट भवन निर्माण र विश्वविद्यालय अनुदान आयोगको उच्च शिक्षा सुधार परियोजनाको सहयोगमा फर्निचर व्यवस्थापन गरिएको छ । पुस्तकालयमा विश्वविद्यालय स्तरका विभिन्न पुस्तक, जर्नल, थेसिस तथा पत्रपत्रिकाको उपलव्धताको व्यवस्था गरिएको छ । यद्यपि पुस्तकालय व्यवस्थापनका केही योजनाहरु अझ पूरा गर्न बाँकी छ । त्रिवि केन्द्रीय पुस्तकालयँग link up गरी इ-लाइब्रेरी स्थापना भएको छ । जसका लागि क्याम्पसले कर्मचारीलाई आवश्यक तालिममा समेत सहभागी गराइसकेको छ **। इ-लाइब्रेरीलाई प्रभावकारी बनाउन म्युमोलस सफ्टवेयर (momulos) प्रभावकारी कार्यान्वयनमा ल्याइसकिएको छ ।**

## ३. भौतिक विवरण

**क) जग्गा तथा भवन :**

क्याम्पसको नाममा २ ओटा पक्की भवनसहित ५ रोपनी ९ आना जग्गा रहेको छ । शैक्षिक कार्यक्रम र विद्याथी सङ्ख्याको अनुपातमा जग्गा अपुग देखिएको छ । थप जग्गा प्राप्तिका लागि गोदावरी नगरपालिकाको सहयोगमा विशेष पहल भैरहेको छ । गत वर्ष क्याम्पसले गोदावरी नगरपालिका वडा नं. ५ स्थित लेलेमा २-९-०-० जग्गा खरिद गरी सो स्थानलाइ क्याम्पसको अनुसन्धान केन्द्रका रुपमा विकास गर्ने कार्यक्रम र योजना तर्जुमो सुरु भएकोमा सो कार्यलाई निरन्तरता दिइने छ ।

**ख) विभिन्न स्थिर सम्पत्ति :**

क्याम्पसका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यक पर्ने कम्प्युटर, फर्निचरलगायतका भौतिक सम्पत्तिहरु पर्याप्त रहेको छ । यद्यपि थप कार्यक्रम तथा सङ्काय सञ्चालनमा आएपछि स्थिर

सम्पत्ति थप गर्नुपर्ने देखिन्छ । प्रस्तावित BCA कार्यक्रम सञ्चालनको लागि र विद्यार्थीहरुलाई कम्प्युटर शिक्षा प्रदान गर्न अत्याधुनिक कम्प्युटर ल्याब निर्माण गरी सञ्चालनमा ल्याइसकिएको छ ।

## ४. सङ्क्षिप्त आर्थिक विवरण/अवस्था :

| आ.व. | कुल सम्पत्ति तथा दायित्व | कुल आम्दानी | कुल खर्च (ह्रास व्यवस्था बाहेक) |
|---|---|---|---|
| ०७१/७२ | ११,०३९,९८९।९६ | ७९,४२,२८८।७५ | ७७,११,२१४।६३ |
| ०७२/७३ | ११८७८७७३।६२ | १०१२३३७४।६७ | ९२७४३२८।८९ |
| ०७३/७४ | १४,९०९,०३९।५० | १४,२९१,५४७।०८ | १३,३६१,८६५।९९ |
| ०७४/७५ | | | अडिटका क्रममा रहेको |

आर्थीक वर्ष ०७३।०७४ को लेखा परीक्षण प्रतिवेदन अनुसार कुल आम्दानी रु १,४२,९१,५४७।०५ देखिन्छ भने कूल खर्च (ह्रास कट्टी बाहेक) रु १,३३,६१,८६५।९९ देखिन्छ । भौतिक पूर्वाधारको विकाश तिव्र गतिमा गरिरहनु पर्दा विद्यार्थीको उच्च शिक्षा अध्ययन गर्ने दर घट्दा समेत क्याम्पसको आर्थिक अवस्था सवलनै मान्नु पर्दछ । क्याम्पसको गुणस्तरलाई थप गुणस्तरीय वनाउने र नतिजा वृद्धि गर्ने र श्रोत निमार्ण तथा परिचालन को लागि योजनावद्ध कार्यान्वयन गर्ने हो भने क्याम्पसको आर्थिक अवस्थामा थप सुधार भई समृद्ध बन्ने छ ।

## ५. उप समिति/ ईकाई :

क्याम्पसको शैक्षिक कार्यक्रमलाई चुस्तता दिनको लागि विभिन्न उप समिति तथा विभागको नीतिगत रुपमै व्यवस्था गरिएको छ । क्याम्पसमा हाल निम्न बमोजिमका समितिहरु क्रियाशिल छन् । :

क) शैक्षिक परामर्श समिति

ख) सङ्काय समिति

ग) विषयगत समिति

घ) परीक्षा समिति

ङ) अतिरिक्त क्रियाकलाप समिति

च. पदपूर्ति समिति

छ. छात्रवृत्ति छनौट समिति

ज. पुस्तकालय व्यवस्थापन समिति

झ. खरिद उप समिति

ञ ) Self Assessment Team

ट) अनुसन्धान व्यावस्थापन ईकाई ( RMC

ठ) Student Support and Conunselling Cell

ड) Employment Support Cell

ञ. Self Assessment Team

## ६. क्याम्पस सञ्चालन नीति :

क) क्याम्पस विधान

ख) शैक्षिक प्रशासन विनियम २०७०

ग) आर्थिक प्रशासन विनियम २०७०

घ) शिक्षक कर्मचारीसम्वन्धि विनियम २०७०

ङ) छात्रवृत्ति निर्देशिका २०७३

च) एम.फिल (M.Phil), पि.एच.डी (PHD) अध्ययन सहयोग निर्देशिका २०७४

छ) अनुसन्धान व्यवस्थापन निर्देशिका २०७४

ज) Student Support and Conunselling Cell Guidelines-2075

झ) Employment Support Cell-2075

## ७. सञ्चालक समितिको बैठक र प्रगति विवरण

गत वर्षको क्याम्पस सभा पश्चात सञ्चालक समितिको बैठक **१० पटक** बसी विभिन्न प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु गरियो । शैक्षिक प्रशासन विनियममा व्यवस्था भएबमोजिम शैक्षिक परामर्श समितिको ३ पटक बैठक बसी वार्षिक कार्ययोजना प्रगति विवरण सञ्चालक समिति समक्ष पेश गर्ने कार्य सम्पन्न भयो । यस अवधिमा सञ्चालक समितिद्वारा भएका महत्वपूर्ण निर्णय सङ्क्षेपमा निम्न अनुसार रहेका छन् :

क) विभिन्न विभागहरु खडा गरी शैक्षिक प्रशासनलाई व्यवस्थित बनाउने कार्य गरिएको छ ।

ख) कार्यक्रम संयोजकहरुको जिम्मेवारीलाई थप गरिएको छ । HERP co-ordinator र QAA Focal Person को नियुक्ति गरिएको छ ।

ग) आमा तथा बालबालिका पोषण कार्यक्रम प्रभावकारिता मूल्याङ्कनको अनुसन्धानका लागि स्थानीय रिकोड सामाजिक संस्थासँग सम्झौता गरी परियोजना सम्पन्न भएको छ ।

घ) यो क्याम्पस UGC को उच्च शिक्षा सुधार परियोजनामा (HERP) छनौट भई MOU सम्पन्न भई कार्य अगाडि बढिरहेको छ ।

ङ) Student Support and Conunselling Cell र Employment Support Cell निर्देशिका तयार गरी सञ्चालक समितिद्वारा संयोजक मनोनयन गरिएको छ ।

## ८. समन्वय :

**क) विश्वविद्यालय अनुदान आयोग :**

क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदान पाउनुका साथै गुणस्तर सुधार कार्यक्रमहरुमा सहयोग प्राप्त गरिरहेको छ । उच्च शिक्षा सुधार परियोजनाको कार्य अगाडि बढिरहेको छ ।

**ख) जिल्ला समन्वय समिति :**

क्याम्पसले जिल्ला विकास समिति ललितपुरमार्फत भौतिक पूर्वाधार निर्माणको सहयोग प्राप्त गरेको छ ।

**ग) नगरपालिका :**

क्याम्पसको पहलमा साविक बज्रबाराही नगरपालिकाले सामुदायिक क्याम्पसलाई जग्गाको भोगाधिकार निमित्त निर्णय गरेको थियो । गोदावरी नगरपालिकाबाट आमसञ्चार तथा पत्रकारिताको प्रयोगशाला निमार्णको लागि रु ५,००,०००। (अक्षेरेपी पाँच लाख) सहयोग प्राप्त भएको छ ।

**घ) विभिन्न गैसस तथा बैंक/वित्तीय संस्थाहरु :**

क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको क्षमता अभिवृद्धि र इन्टासिपकालागि विभिन्न गैरसरकारी संस्था तथा बैंक/वित्तीय संस्थाहरुसँग समन्वय गरिएको छ । गैससहरुसँग समन्वय गर्ने क्रममा स्थानीय संस्था ग्रामीण सामुदायिक विकास संस्था विकास (RICOD) , सहरी वातावरण व्यवस्थापन समाज (UEMS) सँग साझेदारीलाई विस्तार गर्दै स्नातक तहका विद्यार्थीहरुलाई व्यवहारिकतामा आधारित अनुसन्धान कार्यमा सहभागी गराइएको छ । **इनर्जी फाउण्डेशनसँग अनुसन्धानकार्य अघि बढाउन सम्झौता गर्ने तयारी अगाडि बढाइएको छ ।**

## ९. छात्रवृत्ति :

९.१ आर्थिक रुपले विपन्न र जेहेन्दार विद्यार्थीहरुका लागि क्याम्पसले हाल निम्नानुसारका छात्रवृत्ति प्रदान गरिरहेको छ । क्याम्पसमा अध्ययनरत स्नातक र स्नातकोतर तहका गरिब तथा जेहेन्दार विद्याथीहरुलाई छात्रवृत्ति प्रदान गर्न गोदावरी नगर पालिका वडा नं.१० निवासी राजेन्द्रप्रसाद न्यौपाने, कपिलदेव न्यौपाने, ध्रुव न्यौपाने सीता न्यौपाने र इन्दिरा न्यौपानेद्वारा आफ्ना ममतामयी मातापिता

स्वर्गीय भोजकुमारी न्यौपाने र स्वर्गीय पिता माधव प्रसाद न्यौपानेको स्मृतिमा **माधव प्रसाद भोजकुमारी न्यौपाने छात्रवृति कोष**को रुपमा रु ३,००,०००।-(अक्षरेपी तीन लाख रुपैयाँ मात्र) प्रदान गर्नुभएको छ । **डा. मुकुन्द बहादुर श्रेष्ठ उच्च शिक्षा छात्रवृत्ति**को लागि रु १,५०,०००।-(अक्षरेपी एक लाख पचास सहजार रुपैयाँ मात्र) उहाँको धर्मपत्नी सुमुखी श्रेष्ठबाट प्राप्त भएकोले क्याम्पस र दाता वीचमा MOU भैसकेको छ ।

यस क्याम्पस सभाको अवसरमा म उहाँहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

क) अक्षय कोष

- मुकुन्द बहादुर श्रेष्ठ उच्च शिक्षा छात्रवृत्ति
- स्व.माधव प्रसाद न्यौपाने र स्व. भोज कुमारी न्यौपाने छात्रवृत्ति
- इन्जिनियर श्रीमती समाज छात्रवृत्ति

ख) RHEST in Honor of Amar छात्रवृत्ति

ग) क्याम्पसको आन्तरिक स्रोतबाट गरिब, जेहेन्दार, दलित, सीमान्तकृत, अपाङ्ग छात्रवृत्ति

ललितपुर महानगरपालिका निवासी श्री कृष्ण शर्माले छात्रवृत्तिको लागि अक्षय कोष स्थापना गर्ने वचनवद्धता व्यक्त गर्नु भएकोले उक्त छात्रवृत्ति प्राप्तिको प्रक्रियामा रहेको छ ।

९.२ क्याम्पसमा अध्ययनरत स्नातक र स्नातकोतर तहका गरिव तथा जेहेन्दार विद्यार्थीहरु मध्ये छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्न थप अक्षयकोषहरुको व्यवस्था गरिएको छ । जस मध्ये

क) माननीय मदनबहादुर अमात्यबाट आफ्नी धर्मपत्नीको नाममा १ अक्षय कोष स्थापना कार्य अगाडि बढाइएको छ ।

## **१०. शैक्षिक व्यवस्थापन सुचना प्रणाली (EMIS) :**

क्याम्पसको शैक्षिक कार्यक्रम तथा गतिविधिहरुलाई कम्प्युटराइज्ड गरी एकीकृत सुचना प्रणालीमा लाने कार्य भएको छ । जसअर्न्तगत हाल वेवसाइट निर्माण भैसकेकोमा स्तरोन्नति गरिएको छ, कम्प्युटराइज्ड सुचना प्रणालीको विकास गरिएको छ । विद्यार्थी/प्राध्यापक, शिक्षक तथा कर्मचारीहरुको विवरणलाई अद्यावधिक रुपमा एकीकृत प्रणालीमार्फत कम्प्युटराइज्ड गरिएको छ । गत वर्षबाट एकीकृत सुचना प्रणालीको लागि **पाठशाला व्यवस्थापन** नामक सफ्टवेयर प्रयोगमा ल्याइएको छ , यसले लेखा, परीक्षा, पुस्तकालय तथा विद्यार्थीहरुको विवरणलाई समेत एकीकृत रुपमा अभिलेख राख्न सघाउ पुऱ्याएको छ ।

**विश्व विद्यालय अनुदान आयोगले तोकेको ढाँचामा तयार पारिएको सफ्टवेयर म्यामुलस ल्याइने छ ।**

## **११. सामाजिक अवस्था :**

दक्षिण ललितपुरका अधिकांश (साविक १९ गाविसका विद्यार्थीहरु), गोदावरी नगरपालिका र देशका विभिन्न प्रदेश एवम जिल्लाहरुबाट समेत गरिब, असहाय, दलित एवम् जनजाति समूहका विद्यार्थीहरु यस क्याम्पसमा अध्ययन गर्न आउने हुँदा विद्यार्थीहरुलाई उच्च शिक्षामा सक्दो सहयोग गर्नु र अवसर प्रदान गर्नुपर्ने सामाजिक अवस्था रहेको छ । ग्रामीण क्षेत्रमा अवस्थित क्याम्पस भएकाले क्याम्पसको सामाजिक जिम्मेवारी अत्यन्त बढी हुनु स्वभाविक हो । तसर्थ आफ्नो सामाजिक दायित्त्व पूरा गरी समाजलाई अघि बढाउन क्याम्पस प्रयत्नरत रहिरहनेछ ।

**१२. क्याम्पसका सबल पक्षहरु :**

- क्याम्पसप्रति विद्यार्थी, अभिभावक र शुभचिन्तकको विश्वास
- उच्च शिक्षा सुधार परियोजना (HERP) मा छनौट हुनु
- नियमित आवधिक परीक्षा
- अध्ययन, अनुसन्धान उपयुक्त शैक्षिक वातावरण
- भौतिक पूर्वाधारको उपयुक्त व्यवस्था
- क्याम्पस र समुदायबीच सुमधुर सम्बन्ध
- उपयुक्त शैक्षिक वातावरण
- विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत राम्रो हुनु
- दक्ष, अनुभवी प्राध्यापक तथा मेहनती एवम् अनुशासित विद्यार्थी
- सुविधा सम्पन्न अत्याधुनिक कम्प्युटर ल्याबको व्यवस्था भएको
- अनुसन्धानमुलक सिकाइ
- विदेशी विश्व विद्यालयसंग सम्वन्ध विस्तार
- पुस्तकालय भवन निर्माण
- नियमित रुपमा विद्यार्थी सङ्ख्यामा वृद्धि
- स्थायी र पूर्णकालीन शिक्षकमा वृद्धि
- प्रविधिमा आधारित अध्ययन अध्यापन
- बोर्ड परीक्षामा उत्कृष्ट नतिजा

**१३. क्याम्पसका दुर्बल पक्षहरु :**

- विद्यार्थी सङ्ख्या अनुसार भौतिक पूर्वाधारको कमी
- पर्याप्त पुस्तकको व्यवस्थामा कमी

- ई-लाईबेरीको प्रयोगमा कमी
- खेलकुद मैदान तथा खेल सामग्रीको अभाव
- ध्वनि प्रदुषणले अध्ययन अध्यापनमा कठिनाई
- आधुनिक उपकरणको अपर्याप्तता
- आर्थिक स्रोतको व्यवस्थापनमा कमी
- क्याम्पस व्यवस्थापन र अभिभावकबीच अन्तरक्रियाको कमी
- प्रशासनिक जनशक्तिलाई तालिमको अभाव
- परम्परागत शिक्षण प्रणाली
- जनसहभागितामा कमी
- पर्याप्त अनुसन्धानमूलक अध्ययन अध्यापनमा कमी

**१४. अवसरहरु :**

- उपयुक्त भौगोलिक अवस्थिति
- बृहत् सेवा क्षेत्र
- यातायातको सुविधा
- सरकारी, राजनैतिक, सामाजिक संस्थाहरुसँग सुमधुर सम्बन्ध
- राष्ट्रिय तथा अन्तराष्ट्रिय शैक्षिक संस्थाहरुसँगको सम्वन्ध विस्तार
- अनुसन्धानमूलक शिक्षण सिकाइको सम्भावना
- उच्च शिक्षा सुधार परियोजना (HERP) छनौट हुनु
- क्याम्पसको नाममा ५ रोपनी ९ आना जग्गा र पक्की भवन

**१५. उपलब्धि एवम् चुनौती :**

- **उच्च शैक्षिक संस्थाको रुपमा स्थापित हुनु**
- **स्नातक तहमा मानविकी, व्यावस्थापन र शिक्षा तथा स्नातकोत्तर तहमा व्यावस्थापन संकाय सञ्चालन हुनुका साथै विद्यार्थीका रोजाइका विषय अध्यापन गराउने ।**
- **अनुसन्धान कार्यमा संलग्न हुनु**
- **उच्च शिक्षा परियोजनामा छनोट हुनु**
- **पाँच वर्षे रणनीतिक योजना लागू गर्नु**

- **QAA प्रक्रियामा सम्लग्न भई SSR प्रक्रिया अन्तिम चरणमा पुग्नु**
- **भौतिक विकास क्रमिक रुपमा अगाडि बढ्नु**
- **क्याम्पसको आफ्नै स्वामित्वमा जग्गा हुनु**
- **स्थानीय तहले जग्गा प्राप्तिका लागि निर्णय गरी सम्बन्धित निकायमा सिफारिश गर्नु**
- **अक्षय कोष र अन्य छात्रबृत्ति प्राप्त र बृद्धि हुँदै जानु**
- **सफलतापूर्वक रजत महोत्सव सम्पन्न गर्नु**
- **रेडियो स्टुडियो निर्माण सम्पन्न भई प्रयोगमा आउनु**
- **रेडियो सञ्चालनका लागि अनुमति प्रक्रिया अघि बढ्नु**

**उल्लेखित उपलव्धीसँगै पर्याप्त भौतिक पूर्वाधारको विकास गर्नुपर्ने, निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने चुनौति पनि हामीमाभ्m छन् । यसका अतिरिक्त** पर्याप्त आर्थिक स्रोतको विकास, विद्यार्थी कक्षा छाड्ने दर अधिक हुनु, अस्थिर शिक्षा नीति, वैदेशिक रोजगारीका निमित्त विद्यार्थीको आकर्षण, न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्नु, प्राप्त भएका जग्गामा पूर्वाधार निर्माण गर्नु जस्ता चुनौतिहरू पनि हामीमाभ्m छन् ।

**१६. योजना :**

**क) दीर्घकालीन**

- गुणस्तर सुनिश्चिता तथा प्रत्यायन (Quality Assurance and Accrediation-QAA) प्राप्त गर्ने,
- प्राविधिक तथा व्यवसायिक शिक्षासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न पर्याप्त जग्गाको व्यवस्था गरी छात्रावाससहितको भवनहरु निर्माण गर्ने,
- कृषितर्फ स्नातक तहको कार्यक्रम (BSC/Ag.) सञ्चालन गर्ने,
- विदेशी विश्व विद्यालय एवम् उच्च शिक्षा प्रदान गर्ने संस्थाहसँग भाइचारा सम्बन्ध कायम गर्ने,
- M.Phil, Phd अध्ययन सहयोगलाई निरन्तरता दिने,
- बजार उन्मुख विषयहरुलाई निरन्तरता,
- ठूला औद्योगिक प्रतिष्ठानहरुसँग सम्बन्ध विस्तार गर्ने,
- ५ वर्षभित्र १ करोड रुपैया सम्मको अक्षयकोषको स्थापना गर्ने,
- जनभावना एफ.एम.सञ्चालन गर्ने,
- Institutional Social Responsibility (ISR) लाई निरन्तरता दिइने छ
- Master Plan तयार गरी लागू गरिनेछ

**ख) अल्पकालीन**

- E-Library लाई थप व्यवस्थित एवम् सुदृढ गराउने,
- पठनपाठन कार्यलाई थप आधुनिक र प्रविधियुक्त बनाउने,
- गोदावरी नगरपालिका वडा न. १० र ११ मा रहेको खाली पर्ती जग्गा प्राप्तिको लागि पहल गर्ने,
- स्नातक र स्नातकोत्तर तहको शिक्षालाई अनुसन्धानमुलक बनाउने,
- इन्टर्नसिपको व्यवस्थालाई अझै विस्तार गर्ने,
- उच्च शिक्षा एवम् प्राविधिक शिक्षासँग सम्बन्धित शैक्षिक संस्थाहरुसँग सम्बन्ध विस्तार गर्ने,
- Paperless Management लाई जोड दिने
- Mass Communication Lab लाई थप सुदृढ गर्ने
- CCTV जडान कार्यलाई पूर्णता दिने ।
- न्यूनतम १० वटा I/NGO सँग Internship को लागि MOU गर्ने

## १७. HERP सम्बन्धि व्यवस्था :

शिक्षण सिकाइ क्रियाकलापलाई गुणस्तरीय बनाउन तथा अन्तर्राष्ट्रिय मान्यता पाउनको लागि विश्वविद्यालय अनुदान आयोगमा पेश गरिएको अवधारणा पत्र  पारित भई क्याम्पसले उच्च शिक्षा सुधार योजनाअन्तर्गत सुविधा प्राप्त गर्न सक्ने अवस्थामा पुऱ्याउन हामी सफल भएका छौँ । यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई म हार्दिक धन्यवाद दिन चाहन्छु ।

## १८. RMC सम्बन्धि व्यवस्था:

उच्च शिक्षालाई अनुसन्धानमुलक बनाउन एवम् प्राध्यापक विद्यार्थीहरुलाई अनुसन्धान कार्यमा संलग्न गराउन प्राज्ञिक उन्नयनको लागि सोध तथा अनुसन्धान शाखाको गठन भए पश्चात Janabhawana Research Journal प्रकाशित भएको छ र यसलाई निरन्तरता दिइनेछ ।

## १९. QAA सम्वन्धी योजना :

**विश्व विद्यालय अनुदान आयोगवाट QAA प्राप्त गर्न Self Study Report (SSR) अन्तिम चरणमा पुगेकोले तत्काल विश्वविद्यालय अनुदान आयोगमा बुझाई बाँकी कार्य सम्पन्न गरिने छ ।**

## २०. Strategic Plan 2017-2021

क्याम्पसको दीर्घकालीन र अल्पकालीन रणनीतिक योजना Strategic plan 2017-2021 तयार गरी कार्यान्वयनमान ल्याइसकिएको छ । योजना अनुसारका कार्ययोजना Work Plan र Operational Calendar तयार पारी लागू गरिएको छ ।

अन्त्यमा, क्याम्पस सभामा उपस्थित भई क्याम्पसको योजना निर्माणसहितका महत्वपूर्ण निर्णय गर्नुहुने सम्पूर्ण क्याम्पस सभासदज्यूहरूलाई हार्दिक धन्यवाद दिँदै प्रस्तुत प्रतिवेदन पारित गरिदिनुहुन अनुरोध गर्दछु । साथै क्याम्पसको शैक्षिक तथा भौतिक विकासमा सदाभैं यहाँहरुको सहयोग प्राप्त हुने विश्वास गर्दछु ।

धन्यवाद !

शिवराज सञ्जेल<br>
सदस्य सचिव<br>
१६ असार २०७५